नगर प्रमुख श्री भोला प्रसाद पोखरेलद्वारा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

# नीति तथा कार्यक्रम,२०८३/०८४

कर्जन्हा नगरपालिका, सिरहा
कृषि तथा पशुपंछी भवन, बस्तिपुर
१० अषाढ २०८३(ने.स. ११४६ तछलाथ्व दशमी)



Scanned with CamScanner

आज यस कर्जन्हा नगरपालिकाको १७ औं नगर अधिवेशनको उद्घाटन कार्यक्रममा हाम्रो निमन्त्रणा स्वीकार गरी आउनु भएका प्रमुख अतिथि **मधेश प्रदेश सरकारका माननीय शिक्षा तथा संस्कृति मन्त्री श्री मनोज कुमार सिंह** ज्यू, सम्पूर्ण नगरसभा सदस्य, विभिन्न राजनैतिक दलका प्रतिनिधि, राष्ट्रसेवक सम्पूर्ण कर्मचारीहरु,सम्पूर्ण विधालयका प्र.अ. तथा शिक्षक, स्वास्थ्यकर्मी, बुद्दिजिबि, समाजसेबी, गैरसरकारी संघ संस्थाका प्रतिनिधि, सुरक्षाकर्मी, पत्रकार ज्यूहरु लागयत उपस्थित हुनु हुने सम्पूर्ण नगरवासीज्यूहरु प्रति हार्दिक स्वागत तथा न्यानो अभिबादन टक्र्याउन चाहन्छु।

विभिन्न काल खण्डमा राष्ट्रको परिवर्तनका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु।

यस नगरको १७ औ नगर अधिवेसनमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा अत्यन्त गौरान्वित महसुस गर्दछु।

**नगर सभा सदस्य ज्यूहरु,**

**"समावेशी, स्वच्छ, हरियाली र समृद्ध कर्जन्हाको आधारः कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन तथा दिगो पूर्वाधार"** भन्ने नगरबासीको आकांक्षा लाई मुर्तरुप दिन हामी सबै लागि परेका छौ । हामी सबैको मुख्य ध्येय समृद्ध कर्जन्हा निर्माण गर्नु नै हो यसमा हामी सबै कटिबद्ध छौ ।

यस नगरले आर्थिक बर्ष २०८३/०८४ को लागि तर्जुमा गरेको नीति तथा कार्यक्रम नेपालको संबिधानको मौलिक हक राज्यका निर्देशक सिद्धान्त, सौहौ आवधिक योजना, दिगो विकासको लक्ष्य, प्रदेश सरकारले तय गरेको नीति तथा कार्यक्रम, हामीले निर्वाचनको क्रमको जनता संग गरेको वाचा र हाम्रो मूल नारालाई केन्द्रमा राखी यो नीति तथा कार्यक्रम तयार गरेको छु ।यस नीति तथा कार्यक्रम निर्माणको क्रममा नगर कार्यपालिका सदस्यहरु, सम्पूर्ण नगरसभा सदस्यहरु, कर्मचारीहरु, बुद्धिजिवीहरु, शिक्षाबिद्हरु एंवम सम्पूर्ण नगरवासी शुभचिन्तकहरुको अमूल्य राय सुझावहरु यथासम्भव समावेश गर्ने प्रयास गरेका छु।नागरिकको बढ्दो आकंक्षा र नगरको सिमित श्रोत साधन मार्फत सम्पूर्ण आकंक्षा पुरा गर्न आफैमा चुनौती पूर्ण रहेको छ । संघिय तथा प्रदेश सरकार बाट प्राप्त हुने अनुदान निरन्तर कमि आउदै गएको, राजस्व बाडँफाडँ बाट प्राप्त हुने रकम अपेक्षाकृत न्यून रहेको तथा नगरपालिकाको आन्तरिक आम्दानी सिमित रहेको अवस्थामा बुद्धिमता पुर्वक आवश्यकताको प्राथिमिकिकरण गरी श्रोतको परिचालन गरेको छु ।

जनताको चाहना र नगरको क्षमता बीच सन्तुलन कायम गर्दै सिमित श्रोत साधनको प्रयोग आफैंमा चुनौतीपूर्ण रहेको छ यसको वाबजुद अधिकतम सदुपयोग गरि धैरै क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल गरेका छौ जसलाई क्रमागत रुपमा प्रस्तुत गर्न चाहन्छु ।



Scanned with CamScanner

(१) वडा नं. १ मा रहेको नन्दबाबा आधारभूत विद्यालय स्तरलाई उन्नती गरी माध्यमिक विद्यालयको रुपमा स्तरोन्नति गरी आवश्यक अपाङ्ग मैत्री, भौतिक पूर्वाधारको निर्माण गरी संचालनमा रहेको । साथै यहि वर्ष नेपाल भरीका उत्कृष्ट निजी तथा सामुदायिक विद्यालयका विद्यार्थी सरह उत्कृष्ट नतिजा ल्याउन सफल भएको ।

(२) विद्यालयको भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेख्य सुधार भई हालसम्म २ कोठे र ४ कोठे गरी ११ वटा विद्यालय भवन निर्माण गरी विद्यालयलाई हस्तान्तरण गरिएको ।

(३) विपन्न नागरिक आवास अन्तर्गत ११० जना दलित तथा विपन्न परिवारको फुसको छानो विस्थापित गरी तीन कोठे सुविधा सम्पन्न सुरक्षित आवास निर्माण गरी हस्तान्तरण गरिएको ।

(४) प्रशासनिक क्षमताको संस्थागत विकास गर्न कृषि तथा पशुपंक्षी भवन, वडा कार्यालय (स्वास्थ्य चौकी) गरी हाल सम्म ५ वटा भवनको निर्माण कार्य  सम्पन्न भई पूर्णरुपमा प्रयोगमा आएको ।

(५) अंग्रेजी माध्यमबाट पठन पाठन सुरु गर्न जनता आ. वि. खैराटोला र जनता आ. वि. वगहामा पठन पाठन सुरु गरिएको र क्रमश: सबै विद्यालयमा सुचारु गर्न अपेक्षा कार्यक्रम रहेको ।

(६) कोल्ड स्टोर निर्माण कार्यको लागि जग्गा उपलब्ध गराई ठेक्का प्रक्रियाको चरणमा रहेको ।

(७) नागरिकको आधारभूत आवश्यकताको रूपमा रहेको खानेपानी समस्याको दीर्घकालीन समाधान गर्नका लागि २ वटा ओभरहेड ट्याङ्की र १५ वटा डिप बोरिङ निर्माण भई सञ्चालनमा रहेको साथै वडा नं १ वासीका घरमा १ घर १ धाराको कार्यक्रमलाई सम्पन्न गरि सबै वडा बासीहरुको घरमा २४ सै घण्टा धाराको पानी आउने खानेपानीको जडान गरिएको क्रमस सबै नगरभरी गर्ने लक्ष्य राखेको।

(८) सफा र स्वच्छ सहर कर्जन्हा नगर भन्ने नारालाई पूर्णता दिन समय तालिका निर्धारण गरी नियमित फोहोर संकलन र व्यवस्थापन कार्य नि:शुल्क गरिएको। यसलाई अझ बढी प्रभावकारी र व्यवस्थित गर्नका लागि डि. पि. आर. तयार गरी ल्याण्ड फिल्ड साइटको निर्माण गरिने नीति अवलम्बन गरिएको छ ।

(९) कृषि उत्पादनलाई बढोत्तरी गर्न किसानहरूलाई मौसम अनुरुपको बिउ विजनलाई उपकरणलाई अनुदानको रुपमा वितरण गरिएको जसबाट सयौ किसानहरू लाभान्वित भई थप यस्ता कार्यक्रमको निरन्तरता दिने नीति लिइएको ।

(१०) संस्कृति तथा परम्परा जस्ता कार्यक्रम सञ्चालन गर्न हालसम्म १ वटा सामुदायिक भवन निर्माण गरी समुदायलाई हस्तान्तरण गरिएको जसबाट समुदायको धार्मिक कार्य सञ्चालन गर्न सहजता भएको छ ।



Scanned with CamScanner

(११) नदी उकास जग्गालाई रोजगारी/ जीविकोपार्जनमा जोड्दै २४३ विपन्न दलित परिवारलाई बगर खेती र नगदे वाली मार्फत आय आर्जन र जीविको पार्जनको व्यवस्था मिलाईएको साथै नगरलाई आप पकेट क्षेत्रको रुपमा चिनाउन १५ हजार आँपको विरुवा हुरकाई फल दिने चरणमा रहेको ।

(१२) मनोरञ्जन विश्रामको तथा पर्यटन प्रवर्द्धनको लागि नगरका विभिन्न स्थानमा पार्कहरुको निर्माण गरिएको । जहाँ आन्तरिक र वाह्य पर्यटकहरु आई स्थानिय जनतालाई स्वरोजगारको अवसर सृजना भई आय स्तरमा वृद्धि भएको। जस्तै बगहा पार्क

(१३) अनाथ तथा परिवार विहिन बालवालिकालाई विभिन्न संघ संस्थाको साझेदारीमा उनीहरुलाई अविभावक विहिनताको अन्त्य गर्दै सम्पूर्ण आधारभूत आवश्यकताको परिबन्ध मिलाइएको।

(१४) विभिन्न सीप मूलक तालिम कार्यक्रम संचालन गरी सयौ नगरबासीलाई प्राविधिक जनशक्तिको विकास गरीएको जसबाट वैदेशिक रोजगारीको अवसर साथै स्वदेशमै स्वरोजगारको अवसर सृजना भएको।

(१५) जनतालाई सहज र सुरक्षित यातायातको चाहना पुरा गर्न जम्मा ३५ कि.मी R.C.C. र कालोपत्रे सडकको निर्माण गरीएको जसले धुलो र हिलोमा हिड्नुपर्ने अवस्थाको अन्त्य भएको।

(१६) कृषि खेतीमा सहजता ल्याउन सयौ कृषि सडकहरूको निर्माण तथा स्तरोन्नती गरिएको।

(१७) सुरक्षित र व्यवस्थित सडक निर्माणका लागि आवश्यकताको आधारमा कल्भर्ट तथा नालाको निर्माण गरिएको जसबाट वर्षातमा हुने डुबानको समस्यालाई न्यूनीकरण भएको ।

(१८) गाउलाई एक अर्कासँग जोडी सहज पहुँच पुर्‍याउन विभिन्न सडक ट्र्याकहरु पहिचान गरी बाटो निर्माण गरिएको ।

(१९) नागरिकको स्वास्थ्य प्रति सजक हुँदै समयमै स्वास्थ्य उपचार पाउने अवसरबाट वञ्चित हुन नपर्ने अवस्थाको अन्त्य गर्दै पालिकामा नगरबासीलाई Ambulance उपलब्ध गराइएको जसमा २०% प्रतिशत भाडामा छुटको व्यवस्था मिलाइएको साथै पालिकाको बर्थिंग सेन्टरमा सुत्केरी गराउँदा निःशुल्क Ambulance सेवा प्रदान गरिएको ।

(२०) नगरबासीको स्वास्थ्य संवेदनशीलतालाई ध्यानमा राखी कर्जन्हा स्वास्थ्य प्रयोगशाला निर्माण भई सञ्चालनमा रहेको साथै वडा नं ४ मा बर्थिंग भवनको निर्माण भई सञ्चालनको क्रममा रहेको ।

(२१) महिलालाई लाग्ने पाठेघर सम्बन्धी रोगको उपचार र पुरुषमा हुने हाइड्रोशिलको निःशुल्क उपचार र शल्यक्रिया सहित उपचार गरी, औषधी र यातायातको प्रबन्ध गरी घरबाट लाने र उपचार गरी घरमै ल्याइदिने व्यवस्था गरिएको जसबाट १२६ जना महिला र ८६ जना पुरुष लाभान्वित भएको ।

(२२) नागरिक आरोग्यता केन्द्र सर्पदंश उपचारको स्थापना गरी नियमित रुपमा निःशुल्क उपचार र औषधीको प्रबन्ध गरिएको ।



Scanned with CamScanner

(२३) हाम्रा सांस्कृतिक सम्पदाको रूपमा रहेको मठ मन्दिर, महजिद, पाटी पौवाको निर्माण तथा स्तरोन्नति गरिएको जसले धार्मिक पर्यटनलाई बढवा दिएको ।

(२४) किसानलाई १२ रै महिना सिचाई सुविधा पुर्याउने हेतुले सिचाई कुलो निर्माण तथा स्तरउन्नति र सुख्खा क्षेत्रमा आवश्यकताको आधारमा डिप बोरिङ्ग निर्माण गरी सिचाईको प्रवन्ध मिलाईएको। हालसम्म १३ वटा सिचाई बोरिङ्गको निर्माण गरी सञ्चालनमा रहेको।

(२५) उज्यालो सहर कर्जन्हा नगरको नारालाई मुर्त रुप दिन अधिकांश बस्तीहरूमा टावर लाइट र सडक वत्ति, CCTV जडान गरी दुर्घटना तथा चोरी तथा महिला हिंसाको अन्त्य गर्ने प्रयत्न गरिएको।

(२६) कृषि क्षेत्रमा सिचाईको दीगो प्रवन्ध गर्न विद्युतीकरण कार्य अन्तर्गत विभिन्न वडाहरूमा पालिकाको पूर्ण लगानीमा विद्युतीकरण विस्तार गर्ने कार्य गरिएको।

(२७) निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गरिएको जसमा जनसेवा मा.वि र फुलकुमारी मा.वि.मा १२ कक्षासम्म निशुल्क पठन पाठन लगातार तीन बर्षदेखि हुँदै आएको।

(२८) मुटु रोगीहरुलाई निःशुल्क स्वास्थ्य उपचारको प्रवन्ध मिलाइएको।

(२९) विद्यालय पहुँच बाहिर रहेका बालबालिकालाई अनौपचारिक शिक्षाको माध्यमबाट विद्यालय शिक्षामा जोड्ने कार्यको थालनी गरिएको।

(३०) शिक्षाको समुन्नत विकास गरी शिक्षाप्रति जन आकर्षण गर्न अविवाहित दलित छोरीलाई स्नातक सम्म अध्ययन पूरा गरेमा नगद १ लाख पुरस्कार स्वरुप प्रदान गर्ने गरिएको। हालसम्म ३ जना छोरी चेलीले उक्त पुरस्कार प्राप्त गरेको।

(३१) नगरभित्र नापी कार्यालय र भू-सेवा कार्यालय स्थापनाका लागि आवश्यक पहल भई अन्तिम चरणमा रहेको जसले नागरिकको घरजग्गा रजिष्ट्रेशनका लागि जिल्ला सदरमुकाम जाने झनझटको अन्त्य भई घर दैलोमै भूमी प्रशासन जस्ता सेवा प्राप्त हुने चरणमा रहेको ।

(३२) ढिलो न्याय प्राप्त गर्नु पनि न्याय नपाउनु सो सरह हो भन्ने विषयलाई आत्मसात गर्दै नागरिकमा सहज र सुलभ न्यायिक पहुँच पुर्‍याउँने प्रयत्न सुवरुप मेलमिलापको माध्यमद्वारा समयमै पीडितले न्याय प्राप्त गर्ने गरेको जसबाट स्थानीय न्यायिक प्रणाली प्रतिको विश्वास जगाएको ।

(३३) वैकल्पिक उर्जालाई बढवा दिँदै विश्वव्यापिकरणको रुपमा बढ्दै गएको कार्वन उत्सर्जन, जलवायु परिवर्तनलाई न्यूनिकरण गर्दै स्वच्छ वातावरणको निर्माण गर्ने कार्यको प्रयत्न गरिएको । हालसम्म २७ वटा वायोग्याँस निर्माण गरिएको र १२५ भन्दा माथि विधुतीय चुलो निःशुल्क वितरण गरिएको ।

(३४) यस नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा स्थानीय पाठयक्रम निर्माण भई पाठ्यक्रममा समावेश गर्ने अन्तिम चरणमा रहेको ।



Scanned with CamScanner

**अब म यस सम्मानित सभा समक्ष कर्जन्हा नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम सक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु ।**

नगर सभा सदस्यज्यूहरु,

यस नगरपालिकाले प्राथमिकताका क्षेत्र निर्धारण गरी सोही क्षेत्रका विषयहरु समेटी लिएका नीति तथा कार्यक्रमहरु अव म सभा समक्ष विस्तृतमा प्रस्तुत गर्दैछुः

## आर्थिक विकास

### कृषि तथा पशुपन्छी सम्वन्धी नीतिः

१. नगरपालिका अन्तर्गत सञ्चालित **बगर खेती**को प्रभावकारीता देखिएकाले यसको **क्षेत्र विस्तार** गरिनेछ।

२. कृषिमा विषादी मुक्त पालिका निर्माण गरी स्वस्थ नागरिक वनाउन IPM प्रणाली कृषि खेती गर्ने नीति लिइनेछ।

३. मुख्य कुलोहरुको स्तर उन्नति गरी कृषि क्षेत्रमा बाहै महिना सिचाई सुविधा पुयाउनेछ। सिचाई पूर्वाधारको मर्मत सम्भार तथा नियमितताका लागि सिचाई अनुदान उपलब्ध गरिनेछ । सिचाइ सुविधा उपलब्ध नरहेको खेतियोग्य जमिनमा डिप बोरिङ्गको व्यवस्था गरि सिंचाइ सुविधालाई प्रभावकारी बनाइनेछ ।

४, किसान सुचीकरण कार्यलाई निरन्तरता दिदैं किसान परिचय पत्र वितरण गर्ने कार्यको निरन्तरता दिइनेछ ।

५. कृषि माटो परीक्षण मार्फत माटोको गुणस्तर सुधार गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउने नीति लिइनेछ ।

६.पशुसम्बन्धी उपचार तथा Vaccine का निम्ति निःशुल्क **गाउँ घर क्लिनिक** सञ्चालन गरिनेछ ।

७. पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धि कार्यका लागि पंशुपन्छी चिकित्सा सेवाको प्रभावकारीता अभिबृद्धि गर्नै नीति लिइनेछ।

८. प्रत्येक वडामा आवश्यकता अनुसार कृषि सहकारी/कृषि समुह स्थापना तथा गठन गर्दै कृषि मल खाद वितरणमा संलग्नता बढाइनेछ ।

९. अस्वस्थ्य खुल्ला माछा, मासु बिक्रि वितरण, ओसारपसार तथा पशु बधशालाहरुलाई नियमित बजार अनुगमान मार्फत नियमन गरिनेछ र सुरक्षित बधसला (फ्रेश हाउस) निर्माण गर्ने व्यवसायलाई प्राविधिक मुल्याकनको आधारमा २०% सम्म अनुदान प्रदान गरिने छ।

१०. नगरपालिका क्षेत्र भित्र रहेका कृषि सडकमा विद्युतीकरण गरिने कार्यलाई प्राथमिकतामा राखिने नीति अवलम्वन गरिनेछ।

११.नगरपालिका क्षेत्र भित्रका नक्शाकन भएका कृषि सडकको ट्रयाक खोल्ने र अतिक्रमण भएका सडकहरुको पहिचान गरी अतिक्रमण हटाउने कार्यलाई तिब्रता दिइनेछ ।



Scanned with CamScanner

## पर्यटन तथा संस्कृति सम्बन्धी नीति :-

१. नगर भित्र पहिचान भएका उत्तरवाहिनी, कमला व्यारेज, नन्दवावा मन्दिर, मरेवा घाट, बाबाताल, नागा बाबा पार्क, हरिणकट्टा पार्क, भवरी, रामजानकी पार्क जस्ता ऐतिहासिक क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्दै पर्यटकीय गन्तव्यका रुपमा विकास गरिनेछ।

२. यस नगर क्षेत्रमा रहेका ऐतिहासिक, पर्यटकीय, धार्मिक, तथा सास्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्धन गर्ने कार्यलाई निरन्तरता दिई यसका थप महत्वका बारेमा अध्ययन अनुसन्धान गर्ने कार्यको थालनी गरिनेछ ।

३. नगर क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरुको योजनाबद्ध विकास गर्न तथा यस नगरपालिकालाई दीगो पर्यटनमैत्री नगरको रुपमा विकास गर्न पर्यटन गुरुयोजनालाई कार्यान्वयनमा ल्याइनेछ ।

४. नगरपालिका स्थित व्यस्त बजार तथा महत्वपूर्ण स्थानमा निगरानी तथा सुरक्षा व्यवस्थापन गर्नका लागि सडक बत्ति र सिसिटिभि क्यामेरा जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. पालिका भित्र रहेको धर्म, सस्कृति परम्परा र रितिरिवाज झल्किने क्रृयाकलापहरुलाई प्रोत्साहन गर्नका लागि आवश्यक र औचित्यका आधारमा सास्कृतिक कार्यक्रम गरिनेछ ।

## उद्योग, बाणिज्य तथा रोजगार सम्बन्धी नीति :-

१. सहकारी संस्थामा आवद्ध सवै सदस्यहरुलाई र युवा उद्यमीहरुलाई स्थानीय स्रोतमा आधारित उत्पादनका लागि सीप एवं उद्यमशीलता विकास तालिम प्रदान गरी क्षमताका आधारमा एकल तथा सामुहिक रुपमा उद्योग व्यवसाय संचालनका लागि प्रोत्साहित गरिनेछ ।

२. उपभोक्ता ठगी नियन्त्रणका लागि ढक तराजु चेकजाँच, सामाग्रीको गुणस्तर तथा म्याद परीक्षणका लागि प्रत्येक महिना बजार अनुगमन गरिनेछ ।

३. नगरको विकासमा मेरो पनि योगदान भन्ने भावना अभिप्रेरित गर्न सबैभन्दा बढी कर तिर्ने पालिकाको करदातालाई उचित सम्मान प्रदान गरिने नीति लिइनेछ।

४. सहकारी संस्था दर्ता, नियमन गर्न सहजता अपनाइनेछ साथै सहकारीका सिद्धान्त तथा मूल्य मान्यतालाई व्यवहारमा उतार्ने नीति अवलम्बन गरिनेछ ।

४. रैथाने तथा परम्परागत सिप र पेशामा आधारित उद्यमीहरुलाई प्रोत्साहन तथा प्रवर्धनको प्रबन्ध गरिनेछ ।

५. नयाँ यूवा उद्यमीलाई प्रोत्साहन स्वरुप आवश्यक सामाग्री उपलब्ध गराइनेछ ।

६. नगरपालिका क्षेत्रमा स्थापना भई संचालनमा रहेका सबै प्रकारका उधोग, व्यापार व्यवसायको स्वीकृत मापदण्ड अनुसार दर्ता वा अनुमति नवीकरण, नियमन, खारेजी र लगत कट्टाको व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

७. डिजिटल श्रम तथा रोजगारी सेवा सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरी बेरोजगारीलाई रोजगारीमा जोड्न नीती लिईनेछ।

८. गरिबी निवारणका लागी लघुउद्यम, कार्यक्रम संचालन गरी लघुउद्यम, मार्फत रोजगारीको सिर्जना गर्ने अबसर प्रदान गरिनेछ।

९.पूर्णरुपमा बेरोजगारीको लगत संकलन गरी ६० दिने रोजगारीको कार्यक्रम संचालन गरिनेछ । जसबाट सबै प्रकारको बेरोजगारीको अन्त्य हुने अपेक्षा लिएको छ ।

१०. प्रविधी हस्तान्तरणको माध्यमबाट लघु उद्यम व्यवसायको स्थापना गरी रोजगारीको सिर्जना गर्ने नीती लिईनेछ।

## सामाजिक विकास

**स्वास्थ्य सम्वन्धी नीतिः**

१. गर्भवति महिलाहरुलाई घुम्ति सेवा मार्फत अल्ट्रा भिडियो एक्स-रे सहितको आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

२. नगरभित्रैकै बर्थिङ्ग सेन्टरमा सुत्केरी गराउने महिलाइ निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३. ज्येष्ठ नागरिक, सुगर, प्रेसर जस्ता दीर्घ रोगीहरुका लागि सबै वडामा मासिक रुपमा निःशुल्क घरदैलो कार्यक्रम संचालन गरिनेछ

४. "बहुक्षेत्रीय पोषण योजना तेश्रो (MSNP-III) तथा पोषणमैत्री स्थानीय शासनलाई संस्थागत गर्दै गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन स्वास्थ्य, कृषि, शिक्षा, खानेपानी तथा सरसफाइ, महिला तथा सामाजिक विकास क्षेत्रबीच समन्वय र सहकार्यमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ। पोषणसम्बन्धी कार्यक्रमका लागि आवश्यक बजेट सुनिश्चित गरी पोषणयुक्त, स्वस्थ र समृद्ध पालिका निर्माण गरिनेछ र "कुपोषण न्यूनीकरण अभियान कार्यक्रम संचालन गरिने छ ।

५." एक वडा एक स्वास्थ्य केन्द्र" अवधारणा र स्रोत अनुरुपका कार्य र गतिविधि अगाडि बढाइने नीति लिइनेछ ।

६. स्वास्थ्य सम्बन्धि चेतनामुलक कार्यक्रम एंव विभिन्न दिवस मनाइनेछ ।

७. पोषणमैत्री स्थानिय शासन अवलम्बन गर्दै आगामी ५ वर्ष भित्र नगरपालिका लाई पोषणमैत्री स्थानिय तह घोषणा गर्ने गरी लक्षित कार्यक्रम सन्चालन गरिने छ ।

८. म स्वास्थ्य , मेरो समुदाय स्वास्थ्य, घर टोलको स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने नीति लिईनेछ ।



Scanned with CamScanner

९. मानसिक स्वास्थ्य (डिप्रेसन, तनाव व्यवस्थापन) जस्ता रोगहरुलाई न्यूनिकरण गर्न मानसिक स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन प्रवर्द्धन गरिनेछ ।

१०. फरक क्षमता भएका शारीरिक तथा अशक्त भएका व्यक्तिहरुको दैनिक जीवन यापन सहज बनाउन कृतिम हात खुट्टाको पहिचान, बिशेषज्ञबाट नाप जाँच गराई ह्विल चियर, पोस्थेटिक्स, सेवा निशुल्क प्रदान गर्ने नीति लिईनेछ ।

**<u>शिक्षा सम्बन्धी नीति :-</u>**

१. कर्जन्हा नगरपालिका भित्रका विधालयमा कक्षा ११ र १२ मा अध्यनरत विद्यार्थीहरुलाई निःशुल्क छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. नगर स्वंयमसेवक शिक्षकको सेवालाई निरन्तरता दिइनेछ ।

३. गुणस्तरीय शिक्षाका लागि विद्यालयमा आधारभूत पूर्वाधार, शैक्षिक सामग्री तथा शिक्षक क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गरिनेछ।

४. बालविकास कक्षा संचालन नभएका विद्यालयहरुमा वालविकास कक्षा संचालन गर्ने नीति लिइनेछ।

५. सामुदायिक विद्यालयमा कार्यरत बाल विकास सहजकर्ता विद्यालय सहयोगी, लेखापाल र सामुदायिक सिकाइ केन्द्रको परिचालिकाको अपुग तलब बराबरको रकमको व्यवस्था मिलाइनेछ ।

६. कर्जन्हा नगरपालिका भित्रका दलित परिवारको अविवाहित छोरीहरुले स्नातक (Bachelor's Degree) पास गरेको सर्टिफिकेट पेश गरेमा प्रोत्साहन सोरुप १,००,०००। एक लाख नगद सहित अभिभावकलाई विशेष सम्मान गरिने नीति लाई निरन्तरता दिइनेछ ।

७. S.E.E मा उत्कृस्ट नतिजा ल्याउँने बिधार्थी र बिद्यालयलाई समान कार्यक्रम गर्ने नीति ल्याइने छ ।

८. बाल बिवाह तथा बाल श्रम नियन्त्रण गरी **" सबै बालबालिका बिद्यालयमा भर्ना"** अभियान संचालन गरिने छ र बाल सुरक्षा कोष खडा गरी कार्यान्वियनमा ल्याइनेछ ।

९. सामुदायिक विद्यालयको आवश्यकता आम नागरिकलाई, जानकारी गराई बिधालयको विस्तृत भौतिक सर्वेक्षण गरिनेछ जसबाट शिक्षाको गुणस्तर वृद्धि गर्न शैक्षिक सुशासन प्रदान गर्ने नीति लिइनेछ ।

१०. विद्यालयको भौतिक पूर्वाधारको निर्माणलाई प्राथमिकताका राखी आवश्यकताको आधारमा निर्माण कार्यको निरन्तरता दिइनेछ।

११. अनौपचारिक र अनौपचारिक र परम्परागत शिक्षा मार्फत सबै प्रकारका कुरीती तथा कुसंकारको अन्त्य गर्ने नीति लिइनेछ ।



Scanned with CamScanner

## युवा, खेलकुद तथा मनोरञ्जन सम्वन्धी नीति :-

१. कार्तिक कुमार गोल्ड कप खेलकुद प्रतियोगितालाई नियमित संचालन गरिनेछ ।

२. नगरपालिका क्षेत्रभित्र एक बहुउद्देश्यीय रंगशाला निर्माण निर्माणकालागि आवश्यक पहल गरिने तथा भई रहेका खेल मैदानको स्तरोन्ति तथा मर्मत कार्य गरिनेछ ।

३. नागरिक स्वास्थ्यलाई मध्यनजर गरी उचित स्थानमा व्यायमशाला, योग पार्क, हरित पार्क निर्माण कार्यलाई निरन्तरता गरिनेछ ।

४. लागु औषध दुर्व्यसन नियन्त्रण गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

५.महिला मैत्री क्रिकेट कप प्रतियोगिता आयोजना गरिने छ ।

## लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी नीति :-

१. लैङ्गिक समानता तथा समावेशीकरण, दलित एवं बाल विकासका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. सार्वजनिक निजी साझेदारी नीतिलाई अवलम्बन गर्दै "महिलाहरुको स्वाभिमानः उद्यमी बनी आत्मनिर्भर हुने अभियान" भन्ने नारालाई अबलम्बन गर्दै नगरपालिका क्षेत्र भित्रका महिलाहरुलाई उद्यमशीलताका माध्यमबाट उद्यमी बनाउने अभिप्रायले "महिला उद्यमशीलताका कार्यक्रमहरु" सञ्चालन गरिनेछ ।

३. आर्थिक रुपले विपन्न अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, एकल महिला, अपाङ्गता भएका व्यक्ति, बाल वालिका, आफनो हेरचाह आफै गर्न नसक्ने नागरिकहरुलाई लक्षित वर्ग कार्यक्रमहरु निरन्तरता दिइनेछ ।

४. महिला तथा बालबालिका माथि हुने सबै प्रकारका हिंसा, शोषण, विभेद र बहिष्करण विरुद्ध शुन्य सहनसिलता नीति अबलम्बन गर्नुको साथै हिंसा पीडितको न्यायमा पहुँच स्थापनाको लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना मार्फत हिंसामा परेका पीडितलाई आर्थिक सहायतको नीति लिइनेछ ।

५. नगरपालिका भित्र अपाङ्ग मैत्री, विपन्न न्यूनीकरण, सिमान्तकृत तथा दलित उत्थानका कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

६. नगरपालिकामा बाल क्लब दर्ता निःशुल्क गरिने व्यवस्था मिलाइनेछ र बालश्रममुक्त पालिका निर्माणका लागि अभियान चलाइनेछ ।



Scanned with CamScanner

## पुर्वाधार विकास :-

१. प्राथमिकताको आधारमा वडा कार्यालयहरुको भवन र स्वास्थ्य निर्माण कार्यलाई निरन्तरता दिनेछ।

२. अन्तरपालिका तथा अन्तरवडा जोड्ने सडक संजाललाई प्राथमिकतामा राखी बजेट बिनियोजन गरिनेछ ।

३. सम्पूर्ण नगरवासीहरुलाई सहज र सुलभ यातायात सेवा पुऱ्याउने नीति लिइनेछ । यसका लागि भई रहेको सडकहरूको स्तरोन्नती मर्मत संभार आवश्यकता अनुसार पि.सि.सि./आर.सि.सि. र कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. गरिब असाहय तथा सीमान्तकृत बसोवास गर्ने अव्यवस्थित तथा झुपडी वस्तीलाई व्यवस्थित वस्तीमा स्तरोन्नति गरिनेछ ।

५. चालु आ.व. मा संचालन भई सम्पन्न हुन नसकेकोमा अधुरो पूर्वाधारलाई सम्पन्न गराउन प्राथमिकता दिइनेछ।

६. सहरी योजना तथा भवन निर्माण मापदण्डको पूर्ण पालनामा जोड नीति अवलम्वन गर्ने नीति लिइनेछ।

७. नगर भित्र रहेको फुसको छाना भएको अति विपन्न गरिव परिवार लाई उचित बासको लागि जस्ता पाता सहितको घर व्यवस्था गर्नै कार्यलाई निरन्तरता दिइनेछ ।

८. राष्ट्रिय भवन संहिता मापदण्ड बमोजिम भवन निमार्ण गर्ने गराउने र अभिलेखिकरण गर्ने नीति अवलम्वन गर्नेछ ।

## बन तथा वातावरण विकास

### वन, वातावरण तथा विपद् व्यवस्थापन :-

१. सामुदायिक वन, सार्वजनिक ऐलानी प्रति जग्गा, पोखरीको डिल जस्ता स्थानमा बार्षिक रुपमा फलफूल तथा रुखका बिरुवा रोप्ने कार्यको निरन्तरता दिने नीति लिइनेछ ।

२ . नगर क्षेत्रभित्र हुने बाढी पहिरो, आगलागी, भुकम्प, चट्याङ्ग, वन्यजन्तु आक्रमण, आदि जस्ता प्राकृतिक विपतिमा तुरुन्त राहत उद्धार तथा पुनरस्थापनाका लागि सरोकारवाला निकायहरुसँगको समन्वयलाई प्रभावकारी बनाइनेछ ।

३. विपद् व्यस्थापन गर्न नगर स्तरीय विपद व्यवस्थापनलाई समिति सक्रिय बनाइने साथै विपद् सम्बन्धि जनचेतना गर्ने अभिबृद्धि गर्ने नीति लिइनेछ ।

४. पुर्वपश्चिम राजमार्ग अन्तर्गत कमला नदीमा भएको पुल मुनिको नदीजन्य पदार्थ थुप्रिएको कारण नदी वहावमा परिवर्तन आइ त्यस आसपासमा निर्मित भौतिक संरचना, नदी उकास जमिन कमला सिचाईको बाँध लगायतमा क्षति पुऱ्याउने सम्भावना भएको हुदाँ सोको व्यवस्थापनको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

५.वृक्षारोपण अभियान सञ्चालन गरिने ।

६.जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालन गरिने ।

७.विपद् प्रतिकार्य तथा राहत सामग्री व्यवस्थापन गरिने ।

८.नदी कटान नियन्त्रण तथा संरक्षण कार्यक्रम सञ्चालन गर्ने ।



Scanned with CamScanner

## खानेपानी तथा सरसफाई सम्बन्धि नीति :-

१. एक घर एक धारा अवधारणा अनुसार यस नगरपालिकाले कार्यलाई निरन्तरता दिइने छ।

२.सार्वजनिक खानेपानी आयोजनाबाट वितरण हुने पानीको गुणस्तर जाँच तथा परीक्षण गराई शुद्धताको मापन पालिकाबाट निःशुल्क गराउने नीति लिइनेछ ।

३. शुद्ध खानेपानी आपूर्ति तथा आयआर्जन गर्न नगरपालिका एंव संघको लगानीमा संचालित खानेपानी आयोजना दर्ता प्रकृयाको लागि नीति नियम बनाई शुद्ध खानेपानी प्रशोधनको लागि सम्भावित अध्ययन अगाडी बढाईनेछ । साथै खानेपानी तथा सरसफाई समितिलाई वैधानिक दिन नीति तय गरिनेछ ।

४. फोहर मैला क्षेत्रमा कार्य गर्ने गैर सरकारी संघ संस्थालाई फोहर मैला प्रशोधनमा आधुनिक प्रविधिको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

५.फोहर मैला व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ

## वातावरण सम्बन्धी नीति :-

१. वातावरण सरसफाई सम्बन्धी जनचेतना मूलक कार्यक्रम मार्फत कम्पोष्ट मल तथा नकुहिने फोहर व्यवस्थापन सम्बन्धी तालिम, गोष्ठी, जनचेतनामुलक कार्यक्रममा जोड दिने नीति लिईनेछ ।

२. सामुदायिक बनहरुलाई स्थानीयको आय आर्जन बढाउन एग्रो फोरेष्ट नीतिलाई निरन्तरता दिइएको छ।

३. मानिस, वातावरण र समृद्धिलाई तादम्यता दिई दिगो विकासका आयाम अनुरुपका आयोजना छनौट गरी कार्यान्वयनमा जोड दिइने नीति लिएको छ ।

४. पालिका क्षेत्रमा खोलिएका उद्योग धन्दाले वातावरणमा पारेको प्रभाव न्यूनिकरण गर्न प्रदुषण कर लगाउने नीति लिइनेछ ।

## सुशासन तथा संस्थागत सम्बन्धी नीति :-

१. एक भन्दा बढी जिम्मेवारी बहन गर्ने शाखा प्रमुख वा वडा सचिवलाई कार्यप्रगति सूचकका आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराई बढी जिम्मेवारी लिनुलाई अवसरको रुपमा हेर्ने सकारात्मक दृष्टिकोणको विकास मार्फत कर्मचारीलाई उत्प्रेरित गर्ने नीति लिइनेछ।

२. सार्वजनिक आय र खर्चको सम्पूर्ण विवरण सार्वजनिक पोर्टल(Website तथा Facebook) मार्फत दैनिक सार्वजनिक गरी पारदर्शीता र उत्तरदायी हुने प्रणालीको विकास गरिनेछ ।

३. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा अनुभव आदान प्रदान कार्यक्रम संचालन गरिनेछ ।



Scanned with CamScanner

४. नगरपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवालाई छिटो छरितो पारदर्शीक बनाउन कर्मचारीहरुलाई आवश्यक पर्ने ज्ञान सिप क्षमतामा बढोतरी हुने किसिमका तालिम प्रदान गरिनेछ ।

५. सार्वजनिक सेवालाई जनता प्रति उतरदायित्व बनाउन सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनवाई तथा तेस्रो पक्ष मूल्याङ्कनका कार्यक्रम संचालन गर्दै लगिनेछ ।

६. उत्कृष्ट कर्मचारीलाई मापदण्ड बनाई वार्षिक रुपमा पुरस्कृत गरिने नीतिलाई निरन्तरता दिइनेछ।

७. आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कडाइका साथ लागु गरिनेछ ।

८. न्यायिक समितिका सदस्यहरु, सल्लाहकारहरु,मेलमिलाप सहजकर्ताहरुलाई सेवा सम्पादन सम्बन्धी तालिम प्रदान गरिनेछ । न्यायिक समितिको कार्य सम्पादन स्तरलाई सुदृढिकरण गर्न विशेष पहल गरिनेछ ।

९. न्यायिक समितिका मुद्धाको प्रकृतिको आधारमा छिटो छरितो निर्णय गर्ने तथा चौमासिक रुपमा प्रतिवेदन सार्वजनिक गरिनेछ ।

१०. पहुँचविहिन वर्गलाई सेवा पहुँचमा ल्याउन विशेष योजना लागू गरिनेछ ।

११. प्रत्येक वडमा घुम्ती सेवा(घर दैलो सेवा) मार्फत अति अशक्त, अपाङ्गता, ज्येष्ठ नागरिक लगायतको सामाजिक सुरक्षा भत्ता नवीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

१२. बेरुजु फछर्यौट कडाईका साथ लागु गर्ने नीति बनाइनेछ ।

१३. नगरपालिकाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन नगरपालिकामा एउटा सुविधा सम्पन्न जनता सहायता कक्ष (Helping Desk) को स्थापना गरिनेछ ।

**नगर सभा सदस्यज्यूहरु,**

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रमले नगरको समृद्धितर्फको यात्रा तय गरी हामी सबैमा हाम्रो अभिभावक नगर छ भन्ने कुराको अनुभूति हुनेछ भन्ने विश्वास लिएको छु । नगरको समग्र विकासमा सहयोग पुऱ्याउँने हुने विभिन्न राजनीतिक दलका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, निजि क्षेत्र, सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत लगायत देश भित्र र प्रदेशमा रहनुभएका दाजु भाई, दिदि बहिनीहरुप्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयनका लागि साथ र सहयोगको अपेक्षा गर्दछु ।

-----------------------------

भोला प्रसाद पोखरेल
(नगर प्रमुख)
कर्जन्हा नगरपालिका, सिरहा ।



Scanned with CamScanner